# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।२९ गते

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरीएको ।

---

गरिबी निवारण कोषको आर्थिक सहयोगमा गरिबी निवारण कार्यक्रम अन्तर्गत मेहदमुडी गा.वि.स. ५ मा गठित तिकुवा सामुदायिक संस्थाबाट संचालन हुन गईरहेको तिकुवा प्रा.वि. भवन निर्माण परियोजनाको पहिलो किस्ताको रकम सम्बन्धित निकायहरुमा खबरै नगरी संस्थाका सचिव अग्रबहादुर बोगटीले मनोमानी ढंगले अध्यक्ष तथा कोषाध्यक्षको कीर्ते हस्ताक्षर गरी रा.वा. बैंकबाट झिकी हिनामिना गरी फरार रहेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा तिकुवा सामुदायिक संस्था, मेहलमुडी, कालिकोटका सचिव अग्रबहादुर बोगटीले आफु सचिव रहेको संस्थाले आफ्नो गाउँमा जनज्योति प्रा.वि.को भवन निर्माण गर्न गरिबी निवारण कोषबाट प्राप्त रकम कोषको मापदण्ड मुताविक खर्च गर्नुपर्नेमा आफुलाई गैरकानुनी लाभ पुर्‍याउने बदनियतले गरिबी निवारण कोषबाट तिकुवा सामुदायिक संस्थालाई प्राप्त रकम मध्येको रु. १८,००,०००।- (अठार लाख) संस्थाका अन्य पदाधिकारीहरुको हस्ताक्षर र संस्थाको छाप समेत आफु खुसी नयाँ बनाई, प्रयोग गरी, चेकहरु लेखी सहिछाप गरी खाता खोलिएको रा.वा. बैंक कालिकोटमा नसाटी रा.वा. बैंक टेकु शाखाबाट चेक साटी रकम झिकी दुरुपयोग गरेको स-प्रमाण पुष्टि हुन आई निज अग्रबहादुर बोगटीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज अग्रबहादुर बोगटीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम बिगो रु. १८,००,०००।- (अठार लाख) कायम गरी कसुरको मात्रा अनुसार कैद र बिगो बमोजिम जरिवाना गरी रु. १८,००,०००।- (अठार लाख) निज अग्रबहादुर बोगटीबाट असुल उपर गरी जफत हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

(खगेन्द्र प्रसाद रिजाल)

सहायक प्रवक्ता एवम् सूचना अधिकारी